म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ४८ बुधबार, ३० भदौ २०७८ नवमी ने. सं. ११४१ ञलाथ्व 15 September, 2021 www.sajhakura.com.np पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakura.com.np

## बेपत्ता तीन बालबालिकाको उद्धार

हेटौंडा/बेपत्ता भएका मकवानपुरका तीन जना बालबालिकालाई प्रहरीले काठमाडौंबाट उद्धार गरेको छ । घरबाट विद्यालय जान्छु भनि निस्किए बेपत्ता भएका ३ जना बालबालिका काठमाडौंबाट उद्धार गरिएको हो । कैलाश गाउँपालिका-९ स्थित कालिका विद्यालयमा अध्ययनरत ३ बालबालिकालाई आइतबार काठमाडौंबाट उद्धार गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको समन्वयमा काठमाडौं महानगरीय प्रहरीको टोलीले आइतबार साँझ फेला पारेको हो ।

घरबाट पढ्नका लागि विद्यालय जान्छु भनेर हिडेका कैलाश गाउँपालिका-९ का ११ वर्षीया बालिका बाटुली सुनार, १० वर्षीया सुस्मा योञ्जन र १३ वर्षीय बोध सुनारलाई काठमाडौंमा हिडिरहेको अवस्थामा प्रहरीले फेला पारेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक देबेन्द्र दासले जानकारी दिए । उनका अनुसार, आइतबार बिहान बेपत्ता भएका उनीहरु गाडीमा काठमाडौं पुगेका थिए । काठमाडौंमा उनीहरुको फुपुको घर भएको र यसअघि पनि उनीहरु काठमाडौं जाने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

# राजा महेन्द्रले यसकारण बनाए कान्ति लोकपथ निर्माण योजना

साझाकुरा संवाददाता

हेटौंडा/२०११ सालको बाढीपहिरोले ललितपुर, बागमती नदी क्षेत्र आसपास र मकवानपुरको पूर्वी भागमा ठूलो धनजनको क्षती भयो ।

बाढी पहिरोपीडितका लागि विभिन्न राष्ट्रहरुले दाल, चामल, मकैलगायत थुप्रै सहयोग दिएका थिए । सर्वसाधारण घर बारविहिन भएका कारण त्रिपाल, ओड्ने, ओछ्याउनेसमेत नेपालले सहयोगस्वरुप पाएको थियो । त्यतिबेला महेन्द्र शाह राजा थिए । उनले सहयोग स्वरुप आएको विभिन्न सामग्री सित्तैमा जनतालाई बाड्न चाहेनन् ।

उनले त्यहिबेला योजना बनाए, अब काठमाडौं-हेटौंडा कान्ति राजपथ निर्माण गर्ने । निर्माणका लागि ट्र्याक खन्ने त्यस क्षेत्रका स्थानीय जनतालाई काममा लगाउने र काम गरे बापत सहयोगस्वरुप आएको खाद्यान्न लगायत सामाग्री बाँड्ने, यस्तो योजना बनाएर उनले प्रभावित क्षेत्रका काम गर्न सक्ने सबै जनतालाई ट्र्याक खन्न लगाए । रेखदेख र खाद्यान्न बाँड्ने जिम्मा सेनालाई दिइएको थियो ।

हाम्रो क्षेत्रमा कर्णेल क्षेत्रबहादुर थापा (पूर्वउपप्रधानमन्त्री कमल थापाको बुबा)को कमाण्डमा एउटा पल्टन बसेको थियो । सेनाको रेखदेखमा काम गर्नेहरुका लागि नाइकेले प्रति व्यक्ति दिनको २ माना चामल वा १ पाथी मकै दिने गरेको थियो । जनतालाई श्रम-बापतको खाद्यान्न बाँड्नका लागि महेन्द्रले बनाएको योजना अनुसारको बाटोको ट्र्याक निर्माण करिब ५ बर्षमा पूरा भयो ।



बाटोको ट्र्याक बनेपछि महेन्द्र आफैले गाडि चलाएर उनका भाइहरु हिमालयन र धिरेन्द्रलाईसँगै राखेर कान्ति राजपथबाट काठमाडौंबाट हेटौंडाहुँदै फेरि त्रिभुवन राजपथको बाटो काठमाडौं फर्किए ।

*(ट्र्याक खन्ने काममा खटिएका मकवानपुरगढी गाउँपालिका-२ निवासी हरिबहादुर किङरिङ्सँगको कुराकानीमा आधारित)*

### ६६ बर्ष बित्यो अझै पूरा भएन कान्ति लोकपथ

अहिलेका पुस्ताका लागि सुन्दा कथा जस्तो लाग्ने हालको कान्ति लोकपथको व्यथा धेरै पुरानो हो । २०११ सालमा तत्कालीन राजा महेन्द्र शाहले आफ्नो निर्देशनमा ट्र्याक खन्न लगाएको हेटौंडा-काठमाडौं जोड्ने ९२ किलोमिटर सडक अझै अधुरो छ । ६६ वर्षअघि सुरु गरिएको सडक अझै पूर्ण रुपमा संचालनमा आउन सकेको छैन ।

६६ बर्षको अन्तरालमा मुलुकमा प्रजातन्त्रदेखि संघीय गणतान्त्रिक लोकतन्त्र व्यवस्था कार्यान्वयन भइसकेको अवस्थामा एउटा ९२ किलो मिटरको सडकमा गाडी गुड्न नसक्नु कतिको दुखदायी हो ? सजिलै मनन् गर्न सकिन्छ । मुलुकमा भएको राजनीतिक परिवर्तन नियालिरहेका अहिलेका पुस्ताका लागि त्यो समयकालका सर्वसाधारण जनताले देखेको सपना अझै पुरा हुन नसकेको बताउँदा उनीहरुलाई कथा जस्तो लाग्नु कुनै नौलो कुरा होइन ।

राजा महेन्द्रले तत्कालीन कान्ति राजपथ निर्माणको योजना अघि सारेपछि पिक, कोदालो र साबेल बोकेर पहाड खन्न उत्रिएका कयौंको निधन भइसक्यो, सयौंको केश फुलिसक्यो भने त्यतिबेला पूर्वाधार विकासका लागि योगदान पुर्‍याएका बृद्धहरु अहिले आँगन अगाडि लौरो टेकेर आफ्नो घर छेवैमा सरर गाडी गुडेको हेर्न लालायीत छन् ।

गाडी गुडेको हेर्न मात्र होइन, चढेर काठमाडौं सहर घुम्ने उधुम चाहना बोकेका एक बृद्ध हुन् । मकवानपुरगढी गाउँपालिका-२ ताप्लाखर्क निवासी हरिबहादुर किङरिङ् । २००१ सालमा ललितपुरको पुरानो शंखुमा जन्मिएका हरिबहादुर २०१२ मा भर्खर ११ बर्ष लागेका थिए । गरिब परिवारमा जन्मिएका उनीमाथि सानै उमेरमा कृषि, ज्याला मजदुरी काम गर्नुपर्ने बाध्यता थियो ।

कान्ति राजपथ बन्ने भएपछि सयौं मानिसको भीड उनीपनि पिक, कोदालो र साबेल बोकेर सडक खन्न उत्रिए । आफ्नो घर पुरानो शंखु नजिकै बाटो बन्ने भएपछि हौसिएर सडक खन्न उत्रिएका हरिबहादुरले ३ वर्ष काम गरेको स्मरण गर्छन् । करिब ९ घण्टा बाटो खन्न जुटेका उनले दिनको एक मोहोर ज्याला पाउँथे । 'सुरुवातमा एक मोहोर ज्याला दिए ।' उनले भने 'पछि हुँदै गएपछि पैसा दिन छाडे, खाद्यान्न लिएर चित्त बुझाउनु पर्‍यो ।'

सानै उमेरमा कडा मिहेनत गरेर खनेको बाटो आफ्नो केश फुलेर लौरो टेकर हिड्ने अवस्थासम्म पुग्दा पनि पुरा निर्माण नभएको खबर सुन्दा उनी दु:ख व्यक्त गर्छन् । 'हामीले धेरै दु:ख गरेर यति लामो बाटो खन्यौं तर, अहिलेसम्म गाडी गुड्न सकेको छैन ।

अब अहिले त बुढो भइयो, हिड्डुल गरेर सबै कुरा बुझ्न सकिँदैन । बेलाबखतमा सडक निर्माण हुन नसकेको खबर सुन्दा साह्रै नमज्जा लाग्छ ।' उनी त्यसबेलाको दु:ख सम्झँदै भन्छन् ।

# विश्वासको मत लिन 'एकहप्ता'

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशमा बर्तमान मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यलाई विश्वासको मत लिने विपक्षी गठबन्धनले एकहप्ता कुर्ने भएको छ ।

एकल बहुमत रहेको नेकपा एमाले विभाजन भएसँगै अष्टलक्ष्मी शाक्य नेतृत्वको प्रदेश सरकारलाई सदनबाट विश्वासको मत लिनुपर्ने बाध्यात्यमक अवस्था सिर्जना भएको हो । विपक्षी गठबन्धनको वैठकले मुख्यमन्त्री शाक्यलाई विश्वासको मत लिनका लागि एक हप्ताको समय दिने सहमति गरेको हो ।

'राजनीतिमा इमान्दारिता हुन्छ । हामीले मुख्यमन्त्रीलाई विश्वासको मत दिन एकहप्ताको समय दिएका छौं । यसअवधिमा सदन बोलाएर विश्वासको मत लिने वातावरण बनेन भने हामी सरकार फेर्ने प्रक्रियामा अगाडि बढ्छौं ।', माओवादी केन्द्र संसदीय दलका नेता शालिकराम जम्मकट्टेलले मुख्यमन्त्रीले एक हप्ताभित्र विश्वासको मत लिने प्रक्रिया अगाडि नबढाएको खण्डमा अविश्वासको प्रस्ताव दर्ता गरेर अगाडि बढ्ने सहमति विपक्षी दलहरुवीच भएको बताए ।

उनले अविश्वासको प्रस्ताव दर्ता भएको बढीमा हप्ता दिनभित्रमा प्रदेश सरकार फेर्ने गरी विपक्षी गठबन्धनले तयारी अगाडि बढाइसकेको छ । विपक्षी गठबन्धनलाई भावी मुख्यमन्त्रीको नाम छिनोफोना नहुँदा अविश्वासको प्रस्ताव अगाडि बढाउन समस्या भइरहेको छ । प्रदेशमा नयाँ सरकार गठनका लागि ५५ मतको आवश्यकता पर्छ । माओवादी २३, कांग्रेस २२ र नेकपा (एकीकृत समाजवादी) १३ गरी विपक्षी गठबन्धन सँग ५८ मत रहेको छ । यस्तो अवस्थामा विपक्षीको सरकार बन्ने निश्चित छ ।

बैठकमा विवेकशील साझालाई पनि सरकारमा ल्याउन पहल गर्ने सहमति भएको छ । 'सरकार फेर्ने विवेकशील तयार देखिएको छ । तर, सरकारमा जाने विषयमा निर्णय गरेको छैन । हामीले उहाहरुलाई सरकारमा पनि ल्याउन पहल गर्नेछौं ।', जम्मकट्टेलले सरकारको नेतृत्व र समयको विषय भने अझै टुंगिएको छैन । 'आधा/आधा कार्यकाल सरकारका नेतृत्व गर्ने लगभग निश्चित छ । कुन दलले पहिला भन्ने हो ।', उनले थपे । सरकारको नेतृत्व आधा/आधा कार्यकाल गर्ने विषयमा कांग्रेस र माओवादीको एक मत रहेको छ भने नेकपा (एस) को फरक मत रहेको छ ।

# बागमती प्रदेशका १८ लाख ७० हजारले लगाए पूर्ण खोप



साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशमा १८ लाख ७० हजार नागरिकले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

यो संख्या जम्मा जनसंख्याको ३२ प्रतिशत हो । प्रदेशमा ३ लाख ४७ हजार १ सय १ जना अर्थात ६१.०५ प्रतिशले कोभिसिल्ड, ११ लाख ७६ हजार २ सय ४ जना अर्थात ७१. ९७ प्रतिशतले भेरोसेल र ३ लाख ४७ हजार ४ सय १४ जनाले जोन्सन एण्ड जोन्सन खोप लगाएको प्रदेशको सामाजिक विकास मन्त्रालयका प्रवक्ता डा. पुरुषोत्तमराज सेढाईंले जानकारी दिए ।

उनका अनुसार, प्रदेशका १८ वर्ष भन्दा माथिका ५६ प्रतिशत अर्थात ३२ लाख ७८ हजार १ सय ७७ जना नागरिकले कोरोना विरुद्धको कुनैपनि खोप लगाएका छैनन् । काठमाडौंका १ लाख ३९ हजार ५१ जनाले कोभिसिल्ड, ५ लाख ९८ हजार ५ सय ७७ जनाले भेरोसेल र १ लाख ५६ हजार २५ जनाले जोन्सन खोप लगाएका छन् ।

यसैगरी, ललितपुरका ३२ हजार २ सय ३३ जनाले कोभिसिल्ड, १ लाख ५६ हजार ७ सय ५९ जनाले भेरोसेल र ३३ हजार २ सय ४१ जनाले जोन्सन खोप लगाएका छन् । भक्तपुरका १६ हजार ४ सय ८८ जनाले कोभिसिल्ड, १ लाख १९ हजार ७ सय १९ जनाले भेरोसेल र १९ हजार ६ सय ८९ जनाले जोन्सन, रसुवाका ३ हजार ७० जनाले कोभिसिल्ड, १६ हजार १ सय ५६ जनाले भेरोसेल र २ हजार जनाले जोन्सन खोप लगाएका छन् ।

नुवाकोटका १८ हजार ७ सय ८५ जनाले कोभिसिल्ड, २५ हजार ९ सय ७५ जनाले भेरोसेल र ११ हजार ७ सय ८३ जनाले जोन्सन, धादिङका १२ हजार ७ सय १० जनाले कोभिसिल्ड, २४ हजार ७ सय ९ जनाले भेरोसेल र १५ हजार २ सय ८ जनाले जोन्सन खोप लगाएका छन् । चितवनका ३६ हजार २ सय ५ जनाले कोभिसिल्ड, ७८ हजार ४ सय ८८ जनाले भेरोसेल र ३६ हजार ५ सय ३७ जनाले जोन्सन, मकवानपुरका १० हजार ५९ जनाले कोभिसिल्ड, १४ हजार ३ सय जनाले भेरोसेल र ५ हजार ९ सय २३ जनाले जोन्सन खोप लगाएका छन् ।

सिन्धुलीका ६ हजार ३ सय जनाले कोभिसिल्ड, १४ हजार १ सय ६ जनाले भेरोसेल र ११ हजार ९७ जनाले जोन्सन, रामेछापका ३० हजार ३ सय ३४ जनाले कोभिसिल्ड, २३ हजार ९ सय ९८ जनाले भेरोसेल र १७ हजार २४ जनाले जोन्सन खोप लगाएका छन् ।

यसैगरी, दोलखाका ८ हजार ५ सय ५४ जनाले कोभिसिल्ड, १८ हजार ४ सय ४६ जनाले भेरोसेल र ५ हजार ३ सय २५ जनाले जोन्सन, काभ्रेका २१ हजार १ सय ९३ जनाले कोभिसिल्ड, ५९ हजार ३ सय ३९ जनाले भेरोसेल र २१ हजार ६ सय ३९ जनाले जोन्सन र सिन्धुपाल्चोकका १२ हजार १ सय २९ जनाले कोभिसिल्ड, २५ हजार ६ सय ३२ जनाले भेरोसेल र ११ हजार ९ सय २३ जनाले जोन्सन खोप लगाएका छन् ।

बागमती प्रदेशमा हालसम्म २५ लाख ३८ हजार २ सय २५ जनाको कोरोना परीक्षण गर्दा ४ लाख २५ हजार ७ सय ९२ जना अर्थात १६.७७ प्रतिशत नागरिकमा कोरोना पुष्टि भएको छ । तीमध्ये हालसमम ४ लाख १० हजार २ सय ६८ जना अर्थात ९६. ३५ प्रतिशत नागरिक संक्रमणमुक्त भएका छन् भने ४ हजार ३ सय ७२ जना अर्थात १.०३ प्रतिशत नागरिकको निधन भएको छ ।

### मंगलबार १५ जनामा कोरोना संक्रमण

हेटौंडा/मकवानपुरमा मंगलबार १५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांक अनुसार मंगलबार पछिल्लो २४ घण्टामा १ सय २ जनाको कोरोना जाँच गर्दा १५ जनामा संक्रमण पुष्टि भएको हो। उपलब्ध तथ्याङ्कअनुसार मकवानपुरमा पछिल्लो २४ घण्टामा ७५ जनाको पिसिआर बिधि र २७ जनाको एन्टिजेनबाट कोरोना जाँच गरेकोमा १५ जनामा मात्र संक्रमण पुष्टि भएको हो ।

मकवानपुरको मंगलबारको कोरोना संक्रमित दर १४ प्रतिशत रहेको छ । मकवानपुरमा हालसम्म कोरोना संक्रमितको संख्या १५ हजार ३२ रहेको छ । त्यसैगरी मकवानपुरमा पछिल्लो २४ घण्टामा ४४ जना कोरोना मुक्त भएका छन् । विभिन्न मितिमा कोरोना संक्रमित भइ होम तथा संस्थागत आइसोलेशनमा बसेका ४४ जना कोरोनामुक्त भएका हुन् । हालसम्म मकवानपुरमा कोरोना मुक्त हुनेको संख्या १४ हजार ५ सय ९४ रहेको छ ।

# पाँच जना फरार प्रतिवादी पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले विभिन्न मुद्दामा फरार पाँच जनालाई पक्राउ गरेको छ ।

प्रहरीले वन मुद्दामा एक जना र गाली बेज्जती मुद्दामा चार गरी पाँच जना फरार प्रतिवादीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पक्राउ पर्नेहरुमा हेटौंडा उपमहानगरपालिका वडा नम्वर १८ बस्ने युवराजकुमार साह, हेटौंडा उपमहानगरपालिका-३ बस्ने गोपी बहादुर सुनार, भिमबहादुर सुनार, बिजयबहादुर सुनार र कृष्णबहादुर सुनार रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक देवेन्द्र दासले जानकारी दिए ।



प्रहरी निरीक्षक दासका अनुसार, प्रहरीले वन मुद्दामा हेटौंडा-१८ बस्ने युवराज कुमारलाई पक्राउ गरेको हो । मकवानपुर जिल्ला अदालतको २०७७ पुस २३ गतेको फैसलाले १२ हजार ५ सय रुपैयाँ जरिवाना भुक्तान गर्न बाँकी उनलाई सोमबार हेटौंडा-१० बाट पक्राउ गरेको हो ।

गाली बेज्जती मुद्दामा फरार गोपीबहादुर, बिजयबहादुर र कृष्णबहादुरलाई सोमबार हेटौंडा-३ बाट पक्राउ गरेको प्रहरी निरीक्षक दासले जानकारी दिए । पक्राउ परेको उनीहरुलाई जरिवाना भुक्तान र आवश्यक कारबाहीको लागि मकवानपुर जिल्ला अदालतमा पठाइएको प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# अदालतमा उपस्थितपछि कार्की पुर्पक्षका लागि थुनामा

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-४ कर्राकी सुस्मिता केसी (थापा)को हत्यामा संलग्न आरोपमा फरार रहेका ३४ बर्षीय अरुण कार्कीलाई जिल्ला अदालत मकवानपुरमा उपस्थितपछि पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिइएको छ ।

सोमबार कार्की अदालतमा उपस्थित भएको र मंगलबार भएको थुनछेक बहसपछि अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो । न्यायाधीश सीता अधिकारीको इजलासले कार्कीलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको श्रेस्तेदार तिर्थराज भट्टराईले बताए । २०७७ असार १ गते हेटौंडा-४ कर्रास्थित आफ्नै निवासमा सुस्मिताको परिवारकै संलग्नतामा हत्या भएको अनुसन्धानबाट खुलेपछि दुई हप्तापछि परिवारका सदस्यहरु पक्राउ परेका थिए ।

जिल्ला अदालत मकवानपुरका न्यायाधीश सिता शर्मा अधिकारीको एकल इजलासले सुस्मिताको हत्यामा संलग्न ४ जनालाई पुर्पक्षका लागि थुनामा राख्न यसअघि नै आदेश दिइसकेको छ । हत्यामा संलग्न भनिएका ससुरा ५८ बर्षीय प्रकाश थापा र नन्द २३ बर्षीया सीता थापालाई आजीवन कैद सजायको माग दाबी गर्दै सरकारी वकिल कार्यालय मकवानपुरले जिल्ला अदालतमा अभियोग पत्र दर्ता गरेको थियो । त्यसैगरी घटनाको मतियारको रुपमा सासु तुलसी कुमारी थापालाई १२ बर्ष जेल सजाय, अर्की नन्द २७ बर्षीय दुर्गा थापा र उनका पति ३४ बर्षीय अरुण कार्कीलाई हत्यामा षड्यन्त्र गरेको दाबी गर्दै २५ वर्ष कैद माग गरिएको थियो ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*


***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/BSc Nursing |
| 3 | Staff Nurse | Few | 14000-18000 | PCL Qualifications |
| 4 | CMA/ANM | Few | Upto 14000 | TSLC |
| 5 | Administration | 1 | 18000-250000 | BBS Completed |
| 6 | Receiptionist | Few | Negotiable | Literate |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.




**Times AutoHub Hetauda**

Contact:057-590610, 9855067840

**आवश्यकता ! आवश्यकता !! आवश्यकता**

**१) पद:** फिल्ड सुपरभाइजर **संख्या:** ५ जना
**योग्यता:** +2 उत्तीर्ण एवम् कम्प्युटर सम्बन्धि काममा दक्षता भएको ।
**२) पद:** रिसेप्सनिष्ट **संख्या:** १ जना
**योग्यता:** +2 उत्तीर्ण एवम् कम्प्युटर सम्बन्धि ज्ञान र नेपाली टाइप गर्न सक्ने ।
**तलब/सुविधा:** आपसी समझदारीमा तय गरिनेछ ।

नोट: दुई पदका लागि मोटरसाइकल वा स्कुटरको लाइसेन्स अनिवार्य, आफ्नो वायोडाटा इमेल गर्नुहोला ।

**सम्पर्क: हेटौंडा हाउजिङ्ग प्रा.लि., हेटौंडा-१ चौकिटोल**

*Email: hetaudahousing1@gmail.com, subediras64@gmail.com*

साझाकुरा

## हाम्रो कुरा

# मृत्यु दरमा आधारित नबनौं

मकवानपुरमा कोरोना संक्रमणबाट हुने मृत्यु दर न्यून देखिएको छ । कोरोना संक्रमणबाटै मृत्यु हुनेको संख्या न्यून देखिएपनि यसमै आधारित भएर कोरोनाबाट सुरक्षित बन्ने स्वास्थ्य मापदण्डका उपायहरु अपनाउन नछोडौं । मृत्यु दर एक प्रतिशत मात्र देखिएको छ । यो अनुपात तुलनात्मक रुपमा कम हो, तथापी कोरोना संक्रमणको जोखिम घटेको छैन । नेपालमा कोरोना भाइरस संक्रमण फैलिएको करिब १६ महिना अवधिमा मकवानपुरमा कुल कोरोना संक्रमितको एक प्रतिशत अर्थात्, एक सय ६४ जनाले ज्यान गुमाएका छन् ।

१५ हजार ८ सय जनामा कोरोना संक्रमण पुष्टि हुँदा कुल संक्रमतिको एक प्रतिशतले कोरोना संक्रमणका कारण ज्यान गुमाएको स्वास्थ्य कार्यालयले जनाएको छ । ज्यान गुमाउनेमा सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिकाका छन् । हेटौंडाका एक सय १६ जना रहेको कार्यालयको तथ्यांकमा उल्लेख छ । यसैगरी संक्रमणका कारण थाहानगर-पालिकाका ९ जना, मकवानपुरगढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ । जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनै पनि व्यक्ति मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । कोरोनबाट मृतयुहरुको संख्या कमी भएपनि जोखिम उतिनै छ । मकवानपुरमा हालसम्म ५० हजार बढी नागरिकको कोरोना संक्रमण परीक्षण गरिएको छ । हेटौंडालगायत बाँकी नौ वटा स्थानीय तहमा कोरोना परीक्षण गरिएको हो । हालसम्म जिल्लामा ५० हजार चार सय ५८ जनाको कोरोना संक्रमण परीक्षण गरिएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

परीक्षण गरिएका मध्ये १५ हजार ८ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । पछिल्लो सातामा मकवानपुरमा कोरोना संक्रमण निकै घटेर गएको छ । तर, यसअघि भने कोरोनाको संक्रमण दरमा बृद्धि भएको थियो । अहिले बजार र यातायातका साधन र बढी भीड हुने कार्यालयहरु खुलेसंगै कोरोनाको संक्रमण दर बढ्ला भन्ने चुनौती पनि उत्तिकै बढेको छ । विश्व स्वास्थ्य संगठनले बारम्बार कोरोना यो भन्दा खतरनाक भेरियन्ट विश्वर फैलन चेतवनी दिइरहँदा बजार क्षेत्रमा भीडभाड बढ्नुको कोरोनाको जोखिम थप जटिल बन्दै गएको छ । कोरोन संक्रमणको दोस्रो चरणको हालको अवस्था हेर्दा संक्रमण अवस्था केहि न्यून भएकोले स्थानीय प्रशासनले निषेधाज्ञा फितलो, विद्यालय संचालनसँगै आज बुधबारबाट जिम क्लब, सिनेमा हलसमेत संचालन गर्न दिने भएको छ । यो निर्णय व्यवसायिक दृष्टिकोणबाट राम्रो हो । तर, मानिसहरुले माक्स, सेनिटाइजरको प्रयोग नगर्नाले फेरि संक्रमण उच्च विन्दुमा पुग्ने निश्चित छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ भदौ ३१ गते बिहीबार १६ सेप्टेम्बर २०२१ । भदौ शुक्ल दशमी । ञलाथ्व दशमी ११४१ । सूर्योदय ५:४८ र सूर्यास्त ६:०९ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुबाट मुक्त | तुला | : प्रेममा सफलता |
| वृष | : मिष्ठान्न भोजन | वृश्चिक | : आफन्तजन भेट |
| मिथुन | : आलश्यता | धनु | : भित्रजन भेट |
| कर्कट | : सुख प्राप्ति | मकर | : धन प्राप्ति |
| सिंह | : यात्राको योग | कुम्भ | : धन नष्ट |
| कन्या | : अध्ययनमा बाधा | मीन | : शुभ कार्यको थालनी |

# बालकालिको हक अधिकार र बाल दिवश



विज्ञान रिमाल 'दिग्गज'



नेपालमा वालवालिकाको नाममा मनाईने दिवसलाई वालदिवश भनिन्छ । वाल दिवश मनाउन २०२१ साल भाद्र ४ गते देखि सुरुवात गरिएको भएतापनि २०६३ सालमा लोकतन्त्रको स्थापना पश्चात यसको पुरानो संरचनालाई फेरवदल गरी भाद्र २९ गतेलाई विशेष दिन बाल दिवशको रुपमा मानाउन थालिएको हो ।

इतिहासलाई फर्केर हेर्दा नेपालमा बालदिवस रत्नराज्य लक्ष्मीदेवी शाहले सुरु गर्नुभएको भन्ने इतिहास भेटिन्छ । रत्नराज्यलक्ष्मी देवि शाहको जन्मदिन पारेर विसं २०२१ भाद्र ४ मा नेपाल बाल संगठन स्थापना गरी आफ्नै जन्म दिनमा टुहुरा तथा अनाथ बालबालिकाको संरक्षणको सुरुवात गरेको दिनलाई नै राष्ट्रिय बालदिवसको घोषणा गरी सो दिनदेखि वार्षिक रुपमा बालदिवस मनाउन थालिएको हो ।

वास्तवमा बि.सं. २०४६ सालको प्रजातन्त्रको पुनस्थापना पछि नेपाल सरकारले संयुक्त राष्ट्रसंघ बालअधिकार सम्बन्धी महासन्धि १९८९ लाई सन् १९९० को १४ सेप्टेम्बरमा अनुमोदन गरेको दिन नै बालदिवसको रूपमा मनाउने घोषणा नेपाल सरकारले गरेको थियो । जसअनुसार आजका दिनमा भाद्र २९ गते यो दिवसलाई देशव्यापी रूपमा मनाउने गरिएको हो । आजसम्म जुन ढंगबाट बालदिवस मनाइएको थियो ।

त्यसमा आधारभूत परिवर्तन खोजिएको अवस्थामा नयाँ ढंगबाट अधिकार मुखी समानुपातिक ढंगबाट सबै बालबालिकाले आफ्नो अधिकार पाउने र आफ्नो दिवसको रूपमा मनाउन सकुन भन्ने अवधारणाका साथ राष्ट्रिय बालदिवसको मिति परिवर्तन गरिएको पाइन्छ । हाल नेपालमा वहसको रुपमा रहेको बालदिवस कस्तो हुनुपर्दछ, बालदिवस कसरी मनाउनुपर्दछ यो आम रूपमा उठिरहेको विषय हो ।

नेपालमा मनाइने दिवस आफैमा एउटा परम्पराको रुपमा मान्यता लिइसकेको हुन्छ तर त्यसमा अहिलेको परिवर्तन र नयाँ नेपालको दृष्टिकोणमा त्यसलाई पुन: परिभाषित गरिनुपर्दछ जस्तो लाग्दछ । हामीले बालदिवसलाई औपचारिकतामा मात्रै मनाइरहेको महशुस हुने गरेको छ । खासगरी बालबालिकाको निम्ति चाहिने आधारभूत हकअधिकार वा उनीहरूको संरक्षणको सवालमा हामीले कति उपलब्धी हासिल गर्न सक्यौं वा सकेनौं । त्यस्ता पक्षले पनि राष्ट्रिय बालदिवसको सार्थकतालाई मापन गर्न सकिन्छ । बालदिवस आफैमा एउटा महत्त्वपूर्ण दिवस हो । नेपालको धेरै भन्दा धेरै जनसख्या बालबालिकामा पर्दछ । बालबालिका भन्नाले निक्कै सानो उमेरका केटाकेटीहरु र अधिकार भन्नाले कानूनी, परम्परागत वा नैतिक रुपमा प्राप्त न्यायोचित हक वा दावी हो ।

बालवालिकाले आफ्नो हक अधिकारमा रमाउन चाहन्छ, शिक्षा, स्वास्थ्य, आदि इत्यादी उसका नैसर्गिक अधिकार हुन । बालबालिकाहरु भविष्यका कर्णधार हुन्। उनीहरुको सर्वाङ्गीण विकास बिना देश विकासको परिकल्पना गर्न सकिदैन, बालबालिका देशका भावी निर्माता भानिन्छ उनीहरुलाई साना बाल बालिकाहरु हुन भन्ने सोचले उनीहरुलाई अधिकारबाट बन्चित गरिनु हुदैन ।

विश्वका धेरै राष्ट्रहरुमा १८ वर्ष भन्दा कम उमेरका सबै मानिसलाई बालबालिका मानिने गरेको भएता पनि नेपालमा १६ वर्ष भन्दा मुनीका लाई वालवालिका मानिएको छ त्यसैले तीनै वालवालिकाहरुको संरक्षण र सर्म्वधन गर्ने दायित्व राज्य सरकार राष्ट्रको हो ।

प्रत्येक बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकार, नाम र राष्ट्रियताको अधिकार, बालबालिकाको विचार प्रकट गर्न पाउने र विचारले उचित मान्यता पाउने अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, शिक्षाको अधिकार, अपांग बालबालिकाको अधिकार, स्वास्थ्य सेवाको अधिकार, सामाजिक सुरक्षाको अधिकारहरुलाई आत्मसाथ गर्दै बाल दिवश मनाइनु पर्दछ । अहिलेको सन्दर्भमा बालसहभागिताको कुरा गरिराखेको छौं । ती कुराहरू सहज र सरल भाषामा उनीहरूबीच अन्तरक्रिया गर्ने काम गर्नुपर्दछ । बाल सहभागिताकै दृष्टिकोणबाट कुरा गर्ने हो भने त्यस्ता कार्यक्रम तयार गर्दा उनीहरूको साथमा बसेर कार्यक्रमको उद्देश्य के हो प्रक्रिया के हो र उनीहरूलाई त्यसमा कसरी समावेश गर्ने भन्ने सोच्नुपर्ने भएको छ । जबसम्म हामीभित्रको सोचमा परिवर्तन हुन सक्दैन यसले पूर्णता पाउन सक्दैन ।

यसका लागि केन्द्र देखी स्थानीय तह सम्म वालअधिकारका क्षेत्रमा काम गर्दै आउनुभएका बालअधिकारकमी, संस्थाहरू र सरकारका विभिन्न निकायहरूको बीचमा पनि यसको सैद्धान्तिक पक्षका बारेमा बृहत छलफल हुनु अहिले जरुरी देखिएको छ ।

बाल दिवसको सकरात्मक पक्ष त छ नै, सकरात्मक पक्ष हुँदा हुँदै पनि बाल दिवश मनाउने क्रममा आलोचनाबाट भने पछि पर्न सकेको छैन । बेला बेलामा बालदिवसको औचित्य तथा सार्थकता माथि पनि प्रश्न नउठेको र हामीले नसुनेको होइन । विशेष गरी बाल दिवस औपचारिकतामा मात्र सीमित रहेको र तमाम बाल बालिकाको अधिकार प्रत्याभूतिमा असफल रहेको भनी आलोचना भएको सुनिन्छ ।


सरकार र निजी क्षेत्र दुवै मिलेर बाल बालिकाको अधिकारको क्षेत्रमा काम गर्ने गरेको भएता पनि बाल बालिकाको अवस्थामा अपेक्षित रुपमा सुधार आउन नसकेको देखिनुलाई मुख्य कमजोरीको रुपमा आम नेपालीले लिईए बुझेको छ । विभिन्न ठुला साना कल कारखाना, सवासरी साधन, होटलहरुमा बाल बालिका हरुले आफ्नो श्रम बेच्नुको साथ साथै दुर्व्यवहार भोग्न पनि वाध्य भएका छन् । अझ सडक बालबालिकाहरुको समस्या त कति हो कति त्यसमा खासै सुधार भएको महशुस गर्न पाइएको छैन ।

समग्रमा नेपालले बाल बालिकाहरुको थुप्रै हक हरुको प्रत्याभूत गरेतापनि कार्यान्वयनको पाटो फितलो भइदिदाँ कयौं बालबालिकाहरु आफ्नो हक अधिकारबाट वञ्चित भएका छन् बालबालिकाहरुको हक अधिकार र संरक्षणको लागि बालदिवस एउटा महत्वपूर्ण दिवस हो तर तुलनात्मक रुपमा बालदिवसको प्रभावकारिता बढ्दै गएको देखिएता पनि अपेक्षित रुपमा नतीजा प्राप्त हुन नसकेकोले बालदिवस माथि नै प्रश्न चिन्ह खडा भइरहेको देखिन आएको छ ।

कमि कमजोरीलाई हटाउदै सुधार्दै जाने हो भने बालबालिकाहरुको अधिकार तथा संरक्षणको लागि महत्वपूर्ण दिनको रुपमा वाल दिवश बनाउन सबै पक्षबाट पहली कदम एकदमै जरुरी देखिएको छ र यस दिनलाई औपचारिकतामा मात्र सीमित नराखी थप उपलब्धिमूलक बनाउन म, तपाई हामी सबै बालबालिकाहरुको हक अधिकारको सर्न्दभमा लाग्यौ भने बालवालिकाहरु र राष्ट्रलाई नै थप टेवा पुग्ने विश्वास लिएको छु ।

*- लेखक: नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ मकवानपुर शाखाबका अध्यक्ष हुन् ।*

# नेपालमा बालदिवसको सान्दर्भिकता



विश्वनाथ खरेल

> बालबालिकाबिनाको समाजको कल्पनासम्म गर्न सकिँदैन । आजका बालबालिका भोलिका आमाबाबुका सहारा र राष्ट्रका कर्णधार हुन् ।

**सन्दर्भ: बालदिवस**

सन् १९८९ मा संयक्त राष्ट्रसंघबाट पारित भएको बालअधिकारसम्बन्धी महासन्धि सन् १९९० सेप्टेम्बर १४ का दिन नेपालले अनुमोदन गरेपछि नेपालमा समेत विधिवत् रूपमा बालअधिकार अभियानको सुरुवात भयो । त्यही लहरबाट नेपालमा पहिलो पटक बालबालिकासम्बन्धी ऐन-२०४८, नियमावली-२०५१ लगायत थुप्रै ऐन, नीति, नियम र कार्ययोजनाहरू आयो । यसका साथसाथै हालसम्म ५० हजारको हाराहारीमा गैरसरकारी संस्था (एनजीओ) र ३ सयको हाराहारीमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) हरू नेपालमा क्रियाशील रहेको तथ्यांक छ ।

यीमध्ये धेरैले बालअधिकारको क्षेत्रमा कार्य गर्ने भनी समाज कल्याण परिषद्बाट स्वीकृति लिएका छन् । यसरी तथ्यांकलाई हेर्दा नेपालमा १६ लाख बालश्रमिक छन् भनिएको छ, बर्सेनि कति श्रमिक बालबालिका उद्धार र पुनर्स्थापित भए, नगन्य मात्रामा भएको उद्धारलाई उनीहरूले नै दिएको तथ्यांकसँग तुलना गरेर हेर्ने हो भने १ प्रतिशतभन्दा पनि कम काम भएको देखिन आउँछ । बालबालिकाको महत्वमाथि प्रकाश पार्दै नेपोलियनले भनेका थिए, 'मलाई असल आमा देऊ, म असल राष्ट्र दिनेछु ।' यसै तथ्यलाई विचार गर्दा राष्ट्रको समृद्धि र उज्ज्वल भविष्य भावी सन्ततिमाथि निर्भर रहने कुरा प्रस्ट छ ।

यसरी उपेक्षित बालबालिकालाई योग्य नागरिक बनाउनका निम्ति विश्वमा सर्वप्रथम एसओएस बालग्राम अस्ट्रियाको इम्एट भन्ने सहरको टिरोल भन्ने ठाउँबाट सन् १९४९ मा सुरु भएको थियो । यो अभियान सुरु गर्ने महापुरुषको नाम डा. हरमन माइनर आफ्नै पनि बाबु आमाविहीन थिए । तसर्थ यिनी बालकहरूलाई प्रेम, माया, ममता र श्रद्धाको भावनाले हेर्थे । उनीहरूको महत्व तथा मजवुरी सहजै बुझ्थे । तसर्थ विश्वमा आज २५ करोडभन्दा बढी बालबालिकाहरू अत्यन्त जोखिमपूर्ण जीवन बिताउन बाध्य छन् । यी बालबालिकाहरूलाई यस स्थितिबाट मुक्ति दिलाउन आज विश्वभरि नै आवाज बुलन्द भइरहेको छ । तसर्थ उपेक्षित बालबालिकाहरूलाई योग्य नागरिक बनाउनका निम्ति विश्वमा विभिन्न किसिमका कार्यक्रमहरू तय भइरहेका छन् । बाल विकास मानव विकासको मूल आधार हो, सामाजिक शान्ति र सुव्यवस्थाको जग हो, सुदूर भविष्य वा अर्को पुस्ताका लागि मात्र नभएर प्रत्येक पुस्ताले आफ्नै भविष्य सुमधुर पार्न गरिने लगानी हो, सभ्यता र संस्कृति अनि स्वयं मानवीयताको पहिचान हो । यसकारण विश्व स्वास्थ्य संगठनको परिभाषाअनुरूप स्वस्थ रहनु भनेको केवल रोग नलाग्नु मात्र होइन, शारीरिक र मानसिक स्थिति राम्रो र फष्टपुष्ट अवस्था रहनु एकातिर छ भने अर्कातिर हेर्ने हो भने विश्वमा लगभग २० करोडभन्दा बढी बालश्रममा कार्यरत रहेको अनुमानित तथ्यांक छ ।

त्यस्तै गरी विश्वमा करिब १० करोडभन्दा बढी केटाकेटीहरूले आधारभूत शिक्षा पाएका छैनन् र तिनीहरूमध्ये दुईतिहाइ बालिकाहरू छन् । अझ यो दयनीय अवस्था अविकसित तथा कम विकसित राष्ट्रहरूमा व्यापक छ । यसै अनुरूप प्रत्येक साल भुखमरी, कुपोषण र रोगबाट करिब १ करोड ३० लाख केटाकेटीहरू पाँच वर्ष नपुग्दै मर्छन् । यो तथ्यलाई मध्यनजर राखी सार्क राष्ट्रले अझ बढी प्राथमिकता बालिकालाई दिएर सन् १९९० लाई बालिका वर्षको रूपमा मनायो ।

बालबालिका प्रकृतिका सुन्दर संरचना हुन्, आमाबाबुका सुनौला सपना हुन् । यसरी समाज र राष्ट्रका भविष्यको संवाहक पनि हुन् । बालबालिकाबिनाको समाजको कल्पनासम्म गर्न सकिँदैन । आजका बालबालिका भोलिका आमाबाबुका सहारा र राष्ट्रका कर्णधार हुन् । वास्तवमा भन्ने हो भने कुनै पनि देशको भविष्य उनीहरूको उमेरसँगै बढिरहेको हुन्छ । त्यसैले बालबालिका वा उनीहरूको समस्या कुनै एक व्यक्ति वा विषयसँग मात्र सम्बन्धित नभई सबै क्षेत्र, वर्ग, समुदाय, पेसा, समाज र आममानिसको सरोकारको विषय हो । त्यसकारण सबै बालबालिकाहरूको भविष्य उनीहरूको उमेरसँगै बढिरहेको हुन्छ । हाम्रो देशमा गरिबी र शिक्षाको कमीले एउटा शिशु दुई वर्ष नपुग्दै अर्को शिशु जन्म हुन्छ । आमाले बच्चा जन्माएको एक महिना नपुग्दै बिहान-बेलुकाको खोलेफाँडोमा चित्त बुझाउन, डोको बोकेर दाउरा खोज्न, पानी बोक्न वा खेत खन्न जान बाध्य हुन्छिन्, जसका कारणले गर्दा उनी कुपोषित हुन्छिन् र आफ्नो सन्तानलाई उचित हेरचाह पोषणयुक्त खाना ख्याउन सक्दिनन् ।

बच्चा पनि कुपोषणबाट कमजोर बन्दै जान्छन् र केही मृत्युको सिकार बन्छन् र जति मृत्युको मुखबाट उम्कन्छन् तिनीहरूले आफ्नो कमजोर आमाको पेट भर्नका लागि पनि बाल्यअवस्थादेखि नै ज्याला मजदुर गर्न बाध्य हुन्छन् । फलत: संविधानको मर्मअनुसार बाल हकहितको संरक्षण गर्न राज्यबाट उचित कदम नचालिएको भनी आलोचना पनि हुने गरेको छ । यसैकारण ऐन, नियम, कानुनको कार्यान्वयन पक्ष बलियो भएमा मात्रै अधिकार उपयोगमा आउँछन् भन्ने हेक्का सबैले राख्नैपर्ने हुन्छ । बालककाल मानिसको सबैभन्दा संवेदनशील समय हो । हाम्रो देशमा २०७५ साल भाद्र १ गतेदेखि लागू भएको मुलुकी देवानी संहिता र २०७५ साल असोज ४ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भएर आएको बालबालिकासम्बन्धी ऐन २०७५ ले बालश्रमलाई न्यूनतम उमेर १४ वर्ष बनाई बालश्रमलाई बालबालिकाविरुद्धको कसुरमा समेत नराख्ने, श्रमिक बालबालिकाले बालगृह तथा पुनर्स्थापना केन्द्रबाट सेवा नपाउने भनी बालश्रमलाई प्रोत्साहन दिएको छ ।

यसको साथसाथै नेपालको संविधानको धारा ५१ को उपधारा ञ (१४) मा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सञ्चालन एकद्वार प्रणालीमार्फत गर्ने भन्ने उल्लेख छ । यसरी संविधान आएको ६ वर्ष बितिसक्दा पनि राज्यले लिएको नीति कार्यान्वयनमा आउने छाँटकाँट देखिँदैन । आजका बालबालिका भविष्यका कर्णधार हुने हुनाले उनीहरूको हितका निम्ति राष्ट्रले पनि संरक्षण गर्ने खालका कानुन निर्माण गर्नु दायित्वमध्ये एक हो । त्यसैगरी बालकको स्वास्थ्य, शिक्षा, पौष्टिक आहारा र अन्य आवश्यकतातर्फ सबैले ध्यान दिनु जरुरी देखिन्छ ।

यस सम्बन्धमा सम्बन्धित निकायले बढी चासो देखाई उचित कदम चाल्नु नै आजको प्रतिबद्धता हो । यसर्थ मुलुकमा १६ वर्षसम्मका बालबालिकाहरू कुल संख्याको ३९.८ प्रतिशत र १० देखि १९ वर्ष समूहका बालबालिका तथा किशोर-किशोरी २४.२ प्रतिशत रहेको तथ्यांक छ । जसमध्ये बालकको ४०.१७ प्रतिशत रहेको छ भने बालिकाको ३८.५५ प्रतिशत रहेको छ । मुलुकमा करिब २३.७ प्रतिशत जनता दैनिक १.२५ अमेरिकी डलर पनि आर्जन गर्न नसकेर गरिबीको रेखामुनि छन् । औसत आयु ६९.६ महिना छ । नेपालमा वार्षिक ६ लाख ३७ हजारको हाराहारीमा शिशु जन्मिने गरेको आँकडा छ । त्यसमध्ये हजार जनामा ३८ बालक ५ वर्षभन्दा कम उमेरमै मर्छन् । त्यति नै दरमा करिब २३ नवजात शिशुको मृत्यु एक वर्षभन्दा कम उमेरमा हुन्छ । यसरी गर्भवती भएको सात महिनादेखि सुत्केरीका क्रममा भ्रूणको मृत्यु हुने दर २२.४ छ ।

त्यसैगरी जनताका प्रतिनिधिको सर्वोच्च निकाय संविधानसभाले ऐतिहासिक जिम्मेवारी पूरा गर्दै नेपालको संविधान, २०७२ कार्यान्वयनमा आएको सन्दर्भमा हाम्रा कलिला बालबालिकाको अधिकारको बहुआयामिक पक्षलाई उजागर गर्ने दिशामा संविधानमा व्यवस्था भएका बालअधिकारको अक्षरश: पालनाका लागि राज्यपक्षको सबैभन्दा महत्वपूर्ण दायित्व हो भने अन्य सरोकारवाला निकायले समेत गम्भीर रूपमा लिएर बालअधिकार र हितको प्रवर्द्धनका दिशामा ठोस कार्यको नियमितता आवश्यक छ । यसैबीच हाम्रा अबोध बालबालिकाले पनि शान्तिको वातावरणमा शिक्षा प्राप्त गर्न पाउने आधारभूत मानवअधिकारको प्रत्याभूतिको अनुभूति गर्ने अवसरको थालनी भएको समेत महसुस भएको छ ।

जसको संस्थागत विकास र बालअधिकारका सामान्य मूल्य-मान्यताका विश्वव्यापी प्रचलनको कुन हदसम्म हाम्रा बालबालिकाले उपयोग गर्न सके र राज्य सञ्चालकले बालबालिकाको नैसर्गिक अधिकारको संरक्षण र प्रवर्द्धनका दिशामा के-कति काम भए भन्ने कुराले अहम् महत्व राख्छ । समग्रमा भन्नुपर्दा बालककाल मानिसको सबैभन्दा संवेदनशील समय हो । हाम्रो देशमा केही वर्षअगाडि लागू भएको मुलुकी देवानी संहिता प्रमाणीकरण भएर आएको बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालश्रमलाई न्यूनतम उमेर १४ वर्ष बनाई बालश्रमलाई बालबालिका विरुद्धको कसुरमा समेत नराख्ने, श्रमिक बालबालिकाले बालगृह तथा पुनर्स्थापना केन्द्रबाट सेवा नपाउने भनी बालश्रमलाई प्रोत्साहन दिएको छ ।

नेपालले प्रत्येक वर्ष झकिझकाउ रूपमा बालअधिकार दिवस मनाउँदै आएको तीन दशक नाघिसक्दा पनि उही पुरानो नितान्त औपचारिक कार्यक्रमबाहेक यस दिन कुनै ठोस कार्य गरिएको पाइँदैन । यस सम्बन्धमा सम्बन्धित निकायले बढी चासो देखाइ उचित कदम चाल्नु नै आजको प्रतिबद्धता हो । अन्त्यमा यो भन्न सकिन्छ कि बालबालिकाहरू कुनै पनि देशका अमूल्य सम्पत्ति हुन्, निधि हुन् । तिनीहरूको बालअधिकार, शिक्षा, स्वास्थ्य, पौष्टिक आहारा र अन्य आवश्यकतातर्फ सबैको ध्यान जानु उचित हुन्छ ।

*- कारोबारडेली*

# युवालाई उद्यमशील बनाइँदै




काठमाडौँ (रासस)/ राष्ट्रिय युवा परिषद्ले युवालाई उद्यमशील बनाउने भएको छ । स्थानीय तहमा नै रोजगारका सम्भावना रहेकाले परिषद्ले युवा उद्यम प्रवर्द्धन कार्यक्रममार्फत युवालाई उद्यमशीलतर्फ डोऱ्याउन स्थानीय तह र बैंकबीच सहमति गर्न थालेको हो ।

चालु आर्थिक वर्षदेखि परिषद्, स्थानीय तह र बैंकबीच त्रिपक्षीय सहमति गरी स्थानीय युवालाई उद्यमशील बनाउन युवा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको परिषद्का उपाध्यक्ष माधवप्रसाद ढुंगेलले जानकारी दिए ।

कार्यक्रमअन्तर्गत परिषद्ले स्थानीय तह र बैंकबीच स्थानीय युवाको क्षमताअनुसार सहुलियतपूर्ण कर्जा प्रवाह गर्नका लागि सहजीकरण गर्नेछ । उद्यमशीलताका माध्यमबाट युवालाई उत्पादनसँग जोड्ने र रोजगारी सिर्जना गरी बाध्यताबस हुने युवाको वैदेशिक पलायनलाई न्यूनीकरण गर्नका लागि सो कार्यक्रम सञ्चालन गरिएको उनको भनाइ छ ।

परिषद्ले स्थानीय तहले छनोट गरेका युवालाई उद्यमशीलता सम्बन्धी तालिम दिने छन् । तालिम दिनका लागि परिषद्सँग अहिले ७० जना प्रशिक्षक र मनोचिकित्सकको टोली रहेको छ । छनोटमा पहिले ती युवाको उद्यमशीलता र क्षमताबारे बुझ्नका मनोचिकित्सकबाट मनोवैज्ञानिकले परीक्षा लिनेछन् । त्यसपछि मात्रा ती युवालाई उद्यमशीलताको तालिम दिइन्छ ।

अहिले परिषद्ले युवा उद्यम प्रवर्द्धन कार्यक्रमअन्तर्गत युवालाई स्थानीय तहमा नै स्वरोजगार बनाउनका लागि तीन स्थानीय तह र बैंकबीच सहमति गरिसकेको छ । संखुवासभाको चैनपुर नगरपालिका युवालाई स्वरोजगारसँग जोड्नका सहुलियपूर्ण कर्जा प्रवाह गर्ने सम्बन्धमा आजै नै परिषद्, चैनपुर नगरपालिका र राष्ट्रिय वाणिज्य बैंकबीच त्रिपक्षीय सहमति भएको छ ।

यहाँ आयोजित कार्यक्रममा परिषद्का कार्यकारी उपाध्यक्ष ढुंगेल, नगरपालिकाका प्रमुख भरतकुमार खत्री र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणबहादुर श्रेष्ठबीच त्यस क्षेत्रका युवालाई सहुलियपूर्ण कर्जा उपलब्ध गराई उद्यमशील बनाउनका लागि सहमतिपत्रमा हस्ताक्षर भएको हो । सहमति अनुसार पहिलो पक्ष परिषद्ले उक्त नगरपालिकाका युवालाई उद्यमशीलता विकास तथा वित्तीय साक्षरता र मनोवैज्ञानिक परीक्षण गर्नेछ । नगरपालिकाले छनोट गरिएका युवालाई उद्यमशीलतर्फ आकर्षण गराउन परामर्श विज्ञ तथा तालिम सञ्चालनका लागि आवश्यक पर्ने प्रशिक्षकको तयारी तथा परिचालनमा संयोजन परिषद्ले गर्नेछ ।

परिषद्ले दिने यस्ता तालिममा युवाले उद्यमशीलता सम्बन्धी परियोजना लेख्न पनि सिकाउने छ । सोही परियोजनाका आधारमा युवाले बैंकबाट सहुलियत दरमा कर्जा पाउने छन् । परिषद्ले तालिम दिएका युवालाई उद्यमशील गर्न सक्षम भएपछि मात्र बैंकले ती युवाको क्षमताअनुसार पाँच लाखदेखि पाँच करोडसम्म कर्जा प्रवाह गर्नेछ ।

नगरपालिकाले उद्यमशील गर्ने इच्छा भएका युवाको विवरण परिषद्लाई उपलब्ध गराउने सहमति पत्रमा उल्लेख छ । उपलब्ध भएको ती विवरणअनुसार एक दिनको परामर्श र एक हप्ताको तालिम युवालाई परिषद्ले सञ्चालन गर्नेछ । तालिम प्राप्त त्यस्ता युवालाई उच्च प्राथिमकतामा राखी परियोजना प्रस्तावका आधारमा बैंकले १५ लाख रुपैयाँसम्म विनाधितो र सोभन्दा माथिको ऋण प्रवाह गर्नुपरेमा उद्यमी र बैंकको समझदारीमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सहमतिपत्रमा हस्ताक्षर भएको छ ।

परिषद्का उपाध्यक्ष ढुंगेलले स्थानीय सरकारसँग मिलेर युवा स्वरोजगार गराउनसके युवा बेरोजगार भएर बस्न नपर्नुपर्ने बताए । उनले युवालाई गाउँमा स्वरोजगार दिनका लागि स्थानीय तहसँग समन्वय गरिएको बताए । "युवाको क्षमताअनुसार उद्यमशील बनाउनका लागि हामीले तालिम दिन्छौँ", उनले भने, "तालिमबाट युवाले के गर्ने, कसरी गर्ने, कुन व्यवसायबाट फाइदा हुन्छ भन्नेमा आत्मविश्वास हुन्छ । अनि आफैँ परियोजना बनाएर बैंकबाट कर्जा लिन्छन् ।"

उनले स्थानीय तहले पनि बैंकलाई पैसा डुब्दैन भनेर सुनिश्चिता गराउनुपर्ने बताए । नगरपालिकाका प्रमुख खत्रीले सहमति अनुसार नगरपालिकाभित्रका ११० युवालाई उद्यमशीलता बनाउने बताए । उनले आफूले १० वर्षभित्रमा अण्डा, मासु र दूधमा आत्मनिर्भर बनाउने अभियानअन्तर्गत युवालाई स्वरोजगारमुखी बनाइने बताए ।

उनले सहमतिअनुसार नगरका युवालाई माछा, बाखा, कृषि उत्पादनजस्ता कार्यमा लगाउनेसमेत जानकारी दिए । उनका अनुसार नगरपालिकाले अहिले पनि ५० लाखको गाई वितरण गरिसकेको र यसै आर्थिक वर्षमा ५० लाख बराबरको भैँसी वितरण गर्ने योजना रहेको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले आफूहरुले कृषि उत्पादनलाई प्राथमिकतामा राखेर कर्जा प्रवाह गरिरहेको जानकारी दिए । "बैंकको पैसा उत्पादनमुखी काममा लगानी गर्दछौँ", उनले भने, "कृषिमा लगानी बढे उत्पादन बढ्छ । उत्पादन बढे खपत र बाहिरबाट खाद्यान्न आउँदैन ।"

उनका अनुसार बैंकले अहिलेसम्म दुई हजार ८ सय जनालाई सहुलियपूर्ण कर्जा प्रवाह गरिसकेको छ । बैंकले यस आर्थिक वर्ष सुरुयता १७० जनालाई कर्जा प्रवाह गरि सकेको छ । अहिलेसम्म बैंकले सहुलियतपूर्ण कर्जा दुई अर्ब २४ करोड लगानी गरिसकेको छ । सरकारले २०७५ सालमा युवालाई स्वरोजगारमुखी बनाउनका लागि विनाधितो पाँच लाखदेखि पाँच करोडसम्म बैंकले विभिन्न नौ प्रकारका व्यवसायमा सहुलियपूर्ण कर्जा उपलब्ध गराउँदै आएका छन् ।

बैंकको आधार दरमा २ प्रतिशत व्याज (ब्याज अनुदान ५ प्रतिशत पुरुष र महिलालाई छ प्रतिशत) मा पाँच वर्षसम्म सहुलियत दरमा कर्जा पाउनेछन् । एउटा वाणिज्य वा विकास बैंकको शाखाले न्यूनतम १० जना युवालाई कर्जा अनिवार्यरुपमा प्रवाह गर्नुपर्ने हुन्छ ।

परिषद्का उपाध्यक्ष ढुंगेलका अनुसार अहिलेसम्म तीन वटा नगरपालिका र बैंकबीच सहुलियतदरमा कर्जा प्रवाह गरी युवालाई उद्यमशील बनाउनका लागि सहमति गरिएको जानकारी दिए ।

यसअघि भक्तपुरका चाँगुनारायण नगरपालिका र नेपाल बैंक लिमिटेड, पञ्चेश्वर गाउँपालिका बैतडी र नवील बैंकबीच सहमति भइसकेको छ ।

चाँगुनारायण नगरपालिकामा ३ सय युवालाई तालिम दिएर कर्जा प्रवाहसमेत भइसकेको छ । यस्तै पञ्चेश्वर गाउँपालिकामा २ सय युवा छनोट गरेर तालिम सञ्चालनको तयारीमा परिषद् रहेको छ । परिषद्का सदस्य गोविन्द गिरीले सबै स्थानीय तहमा कार्यक्रम लागू गरेर युवालाई स्वरोजगार बनाइने बताए ।

# औषधिमा आत्मनिर्भर हुन ऐन नै बाधक



काठमाडौँ (रासस)/ औषधि उत्पादनसम्बन्धी विद्यमान नीति तथा कानुनमा परिमार्जन गरी अनुकूल वातावरण बन्न सकेमा देशलाई औषधिमा आत्मनिर्भर बनाउन सकिन्छ । नेपालमै औषधि उत्पादन गर्न सकिन्छ भन्ने सोचसम्म नभएको अवस्थामा आयातमुखी अवधारणाअनुसार ल्याइएको औषधि ऐन-२०३५ ले अहिले झण्डै ५० प्रतिशत हिस्सा स्वदेशी उद्योगका उत्पादनले ओगटको र कतिपय औषधि विदेशमा समेत निर्यात हुने गरेको अवस्थालाई सम्बोधन गर्न नसक्ने भन्दै ऐनलाई उत्पादन र निर्यातमुखी बनाउनुपर्ने नेपाल औषधि उत्पादक संघ(एपोन) ले माग गर्दै आएको छ ।

केही वर्षअघिसम्म करिब १० प्रतिशत मात्र स्वदेशी उत्पादन रहेकामा अहिले बढेर झण्डै ५१ प्रतिशत पुगेको र स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने सरकारी नीति र उपयुक्त वातावरण बन्न सक्यो भने छिट्टै औषधिमा ८० देखि ९० प्रतिशत आत्मनिर्भर बन्न सकिने एपोनका अध्यक्ष प्रज्वलजंग पाण्डेले रासससँगको कुराकानीमा बताए ।

उनले भने, 'मुलुकलाई आत्मनिर्भर बनाउने अभियानमा हामी छौँ, यसमा राज्यले पनि सहजीकरण गरिदिनुपर्छ । यसका लागि अनुकूल नीति र त्यसको प्रभावकारी कार्यान्वयन अहिलेको प्रमुख आवश्यकता हो ।

त्यसो हुनसक्यो भने यस क्षेत्रमा बाह्य लगानी र प्रविधिसमेत आकर्षण गर्न सकिन्छ ।' मानिसको स्वास्थ्य जस्तो अत्यन्त महत्वपूर्ण क्षेत्रसँग जोडिएको उद्योग धन्दालाई प्रवर्द्धन गर्ने कार्यमा सरकार उदासिन हुन नहुने अध्यक्ष पाण्डेको भनाइ छ । एक तथ्यांकअनुसार नेपालको औषधि बजार करिब रु ४५ देखि ५० अर्बको छ । औषधिको बजार प्रत्येक वर्ष १८ देखि २० प्रतिशतले बढ्दै गएको उनको भनाइ छ । करिब ३० अर्ब बराबरको औषधि विदेशबाट आयात हुन्छ । औषधि उत्पादनका लागि आवश्यक जनशक्ति र आधुनिक प्रविधि भित्र्याएर आयातलाई प्रतिस्थापन गर्न सकिने र यसबाट रोजगारी सिर्जना तथा विदेशी मुद्रा सञ्चितीमा सहयोग पुग्ने उनको तर्क छ । कम्तीमा आधारभूत औषधि मात्रै पनि स्वदेशमै उत्पादन गर्न सकियो भने औषधिमा ८० प्रतिशत आत्मनिर्भर बन्न सकिन्छ ।

बंगलादेशले १७० देशमा औषधि निर्यात गर्ने गर्दछ । औषधि यसको राजस्वको चौँथो महत्वपूर्ण स्रोत रहेको छ । भारतमा पनि राज्यले विभिन्न ३५ शीर्षकमा विभिन्न सहुलियत दिएको छ । यहाँ भारत, चीन, बंगलादेश, अमेरिका, युरोपेली मुलुकबाट औषधि आयात हुन्छ ।

अहिले नेपालमा आयात हुने औषधिको झण्डै ८० प्रतिशत भारतबाट हुने गर्दछ । राष्ट्रिय औषधि नीति-२०५१ ले १० वर्षमा ८० प्रतिशत अत्यावश्यक औषधि स्वदेशमै उत्पादन गर्ने लक्ष्य लिएको भए पनि अहिलेसम्म कार्यान्वयनमा आउन नसकेको उनको गुनासो छ । उनले भने, 'राष्ट्रिय स्वास्थ्य नीति-२०७१ ले गुणस्तरीय औषधि र आपूर्ति सुनिश्चिता गरी आन्तरिक उत्पादनलाई बढावा दिने र १५ प्रतिशतसम्म महँगो भए पनि नेपाली उत्पादन नै खरिद गर्न सकिने व्यवस्था गरेको थियो । तर, त्यो पनि कार्यान्वयनमा आएन ।'

औषधि परीक्षणका लागि यहाँका अधिकांश उद्योगका आफ्नै प्रयोगशाला छन् । अधिकांश ती उद्योग अहिले पनि पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन् । औषधिको गुणस्तर विश्वभर नै एउटै खालको हुनुपर्दछ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार नै हरेक औषधिको उत्पादन हुने गर्दछ । मानवीय उपचारमा प्रयोग हुने वस्तुलाई सरकारले अत्यावश्यक सेवाअन्तर्गत राखेर उत्पादनमा सहुलियत दिनुपर्ने उनको भनाइ छ ।

नेपालमै अन्तर्राष्ट्रिय गुणस्तरका औषधि उत्पादन हुने गरेको दाबी गर्दै उनले खुल्ला सिमानाका कारण पनि नेपालमा उत्पादन भएका औषधि छिमेकीमुलुकमा अवैध रुपमा निर्यात हुनसक्ने सम्भावना रहेकाले नेपालमै खपत हुने व्यवस्था मिलाउनुपर्ने सुझाव दिए । स्वदेशी औषधि उद्योगको संख्या र उत्पादन दुवै बढेको छ । विसं २०४६ मा स्थापना भएको यस संघमा हाल ६६ उद्योग आवद्ध छन् भने १०/१२ वटा आवद्ध हुने प्रक्रियामा छन् ।

नेपाल जडीबुटीबाट उत्पादन गर्न सकिने थुप्रै आयुर्वेद तथा अन्य वैकल्पिक उपचार पद्धतिमा प्रयोग गरिने औषधिमा पनि विश्वमै अग्रस्थानमा रहेकाले त्यस्ता औषधिको उत्पादन र बजारीकरणमा पनि ध्यान दिनुपर्ने उनको सुझाव छ । 'भारतमा पतञ्जलिले ठूलो आम्दानी गर्न सकेजस्तै नेपालले पनि हर्बल मेडिसिनबाट राम्रो लाभ लिन सक्दछ', उनले भने ।

लोमोस ग्रुपका कार्यकारी निर्देशक समेत रहेका अध्यक्ष पाण्डेले कोही पनि नेपाली औषधिको अभावमा मर्न नपरोस् भन्ने उद्देश्यले गाउँगाउँसम्म औषधि उपलब्ध गराउन जोड दिइएको बताए ।

उनकाअनुसार सो कम्पनीले हाल हर्मोन, सुईजन्यलगायतका विभिन्न ४०० किसिमका सामान्यदेखि अत्याधुनिक खालका औषधि उत्पादन गर्ने गरेको छ । कतिपय औषधि अफ्रिका, एशियालगायत १२/१३ देशमा निर्यातसमेत हुने गरेको उनको भनाइ छ ।

# 'बालबालिकाको शिक्षा, स्वास्थ्य र संरक्षणमा थप प्रयास आवश्यक'



काठमाडौँ (रासस)/ प्रधानमन्त्री शेरबहादुर देउवाले कोभिड-१९ को नकारात्मक प्रभावबाट जोगाउन बालबालिकाको शिक्षा, स्वास्थ्य तथा संरक्षणका विषयमा थप प्रयास गर्न आवश्यक रहेको बताएका छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्ले मंगलबार आयोजना गरेको ५७ औँ राष्ट्रिय बाल दिवस-२०७८ को मूल समारोह समितिको भर्चुअल कार्यक्रममा शुभकामना दिँदै उनले प्रत्येक कोभिड अस्पतालमा प्रभावित बालबालिकाका लागि कम्तीमा २० प्रतिशत शैय्याको व्यवस्था गरिएको अवगत गराए ।

नेपालको संविधानले बालबालिकालाई मौलिक हकका रुपमा आत्मसाथ गरेको र सरकारले बालबालिकासम्बन्धी ऐन, कानूनहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याएको जनाउँदै प्रधानमन्त्री देउवाले बालबालिकाको अधिकार संरक्षण गर्दै बालमैत्री राष्ट्र निर्माणका लागि प्रत्येक घरपरिवार बालमैत्री हुन जरुरी रहेको बताए ।

"समुदाय, सरकार तथा विद्यालय र स्वास्थ्य सेवा पनि बालमैत्री हुन आवश्यक छ । बाल अधिकार संरक्षण र संवर्द्धन गर्नु हामी सबैको साझा जिम्मेवारी हो", प्रधानमन्त्री देउवाको सन्देशमा उल्लेख छ । संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धि, १९८९ मा नेपाल पक्ष राष्ट्र भएको ३० वर्ष पूरा भएको छ । उक्त महासन्धिलाई नेपालले अनुमोदन गरेको दिनलाई राष्ट्रिय बालदिवस मनाउन थालिएको हो ।

"सामान्य अवस्था वा कोभिड महामारी : बाल अधिकार संरक्षण हामी सबैको जिम्मेवारी" को नारासहित आयोजित दिवसमा प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिका सभापति निरुदेवी पालले दिवस केवल नारामा मात्र सीमित नरहोस् र सडक बालबालिकामुक्त राष्ट्र हुन सकोस् भन्ने कामना गरे । जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष सीता सुन्दासले कुनै पनि बालबालिकाले नाना, खाना र छानाबाट वञ्चित हुन नपरोस् भन्ने भावनालाई व्यवहारतः कार्यान्वयन गर्नुपर्ने खाँचो औल्याए । कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य सलोनी सिंहले बालअधिकारको संरक्षणका लागि तथा बालबालिका एवं महिला हिंसाविरुद्ध साझा प्रतिबद्धता व्यक्त गर्नुपर्नेमा जोड दिए ।

मन्त्रालयका सचिव यामकुमारी खतिवडा र परिषद्का कार्यकारी निर्देशक मिलन धरेलले बाल अधिकार संरक्षण र संवर्द्धनका क्रममा भएका प्रयास र उपलब्धिका बारेमा जानकारी गराएका थिए ।

युनिसेफ नेपालका प्रतिनिधि इल्के विस्च, नगरपालिका महासंघ नेपालका अध्यक्ष अशोक ब्याजु, विभिन्न मन्त्रालयका प्रतिनिधिलगायतले बालअधिकारका लागि आफूले गरेका प्रयासबारे उल्लेख गर्दै दिवसको शुभकामना दिएका थिए । दिवसका सन्दर्भमा आह्वान गरिएको संघीय नेपालमा बालअधिकार विषयक दुई मिनेटको भिडियो निर्माण प्रतियोगितामा उत्कृष्ट भएका तीन भिडियोको नतिजा घोषणा गरियो ।

छनोट समितिको मूल्यांकन अनुसार घोषित विवरणअनुसार प्रथमः अमृत रिजाल र जानुका जमरकट्टेल, द्वितीय : श्रद्धा श्रेष्ठ र समूह, तृतीय : सिर्जनशील संस्था नेपाल भएको छ । उत्कृष्ट भिडियोलाई क्रमशः प्रथमलाई २५ हजार, द्वितीयलाई २० हजार र तृतीयलाई १५ हजार नगद पुरस्कार तथा प्रशंसापत्र प्रदान गरिनेछ ।

दिवसकै अवसर पारेर सडक बालबालिका मुक्त राष्ट्र नेपाल बनाउने अभियानअन्तर्गत सडकदेखि रंगशालासम्म कार्यक्रम, परिषद् र नेपाल रग्वी एसोशियसनले सडक बालबालिकालाई रग्वी प्रशिक्षण कार्यक्रमको शुभारम्भ गरिँदैछ । उक्त प्रशिक्षणमा ४० जना सडकबाट उद्धार तथा संरक्षण व्यवस्थापन गरिएका बालबालिकाको सहभागिता रहनेछ ।

# सरकारको खर्च केही दिन रोकिन सक्छ : अर्थमन्त्री

काठमाडौँ (रासस)/ विनियोजन विधेयक, २०७८ पारित नभएपछि सरकारले राज्यकोषबाट बुधबारदेखि खर्च गर्न नपाउने भएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकपछि संघीय संसद् भवन नयाँ बानेश्वरमा सञ्चारकर्मीसँग कुराकानी गर्दै अर्थमन्त्री शर्माले केही दिन सरकारको खर्च रोकिन सक्ने जानकारी दिए ।

नेपालमा सरकारको खर्च नै रोकिन लागेको सम्भवतः यो पहिलो पटक हो । अर्थशास्त्रीय भाषामा यसलाई 'बजेट होलिडे'का रुपमा लिइन्छ । अघिल्लो सरकारले अध्यादेशबाट गत जेठ १५ गते चालू आर्थिक वर्षको बजेट ल्याएको थियो । अध्यादेशबाट ल्याइएको बजेट गत साउन ४ गते संघीय संसद्मा पेश भएको थियो ।

अध्यादेश ६० दिनभित्र पारित गर्नुपर्ने प्रावधान छ । त्यस आधारमा बुधबारसम्म विनियोजन विधेयक पारित गरिसक्नुपर्ने थियो । प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलले निरन्तर अवरोध गरिरहेको छ । मंगलबार विनियोजन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव मात्रै स्वीकृत भएको छ । अर्थमन्त्री शर्माले केही दिन सरकारको खर्च रोकिन सक्ने जानकारी दिँदै नियमित प्रक्रियाबाटै बजेट पारित गरिने बताए । प्रतिनिधिसभाको अर्को बैठक आगामी असोज ४ गतेका लागि राखिएको छ । अर्थमन्त्रीले राजस्व उठाउने विषयमा कुनै अवरोध नहुने र नियमित नै हुने बताए ।

"पाँच/सात दिन खर्च गर्न नहुन सक्छ । राजस्व संकलनमा भने कुनै अवरोध हुँदैन", अर्थमन्त्री शर्माले भने । पेश्की विधेयक ल्याउन लागेको हो र भन्ने सञ्चारकर्मीको जिज्ञासमा अर्थमन्त्रीले त्यसतर्फ सरकारको कुनै सोच नरहेको बताए । उनले एकाध दिन खर्च गर्न नपाए पनि नियमित प्रक्रियाबाटै विनियोजन विधेयक पारित गरिने उल्लेख गरे । अघिल्लो सरकारले ल्याएको अध्यादेश गत साउन ३ गते संसद्मा पेश गरिएको थियो । विपक्षी एमालेको चर्को नाराबाजीका बीच अर्थमन्त्री शर्माले यही भदौ २५ गते संसद्मा प्रतिस्थापन विधेयक पेश गरेका थिए ।

अर्थमन्त्रीले नियमित प्रक्रियाबाटै बजेट पारित हुने बताउनु भए पनि सदनमा एमालेको अवरोध जारी छ । सोमबार सभामुखले आयोजना गरेको सर्वदलीय बैठकमा एमाले सहभागी भएन ।

# कोभिड वार्डका चिकित्सक र स्वास्थ्यकर्मीले भत्ता पाएनन्

चितवन (रासस)/ बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरको कोभिड वार्डमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीले कोभिड भत्ता पाउन सकेका छैनन् । गत बैशाखबाट अस्पतालमा कोभिड वार्ड सञ्चालनमा आएपनि हालसम्म त्यहाँ कार्यरत कसैले पनि भत्ता नपाएको गुनासो गरेका हुन् ।

कोभिड वार्ड हेर्दै आएका डा. गुरुशरण साहले हालसम्म कोभिड वार्डमा काम गर्ने कसैले पनि भत्ता नपाएको बताए । उनका अनुसार अस्पतालको मेडिकल विभागका चिकित्सक र २० भन्दा बढी मेडिकल अफिसरहरुले कोभिड वार्डमा आलोपालो काम गर्दै आइरहेका छन् ।

यसैगरी नर्सिङ स्टाफले पनि आलोपालो कोभिड वार्डमा काम गर्दै आएका छन् । जोखिम मोलेर काम गरेको भए पनि हालसम्म कोभिड भत्ता नपाएको गुनासो उनीहरुको छ । स्थानीय तहका कर्मचारीलेसमेत कोभिड भत्ता पाउने गरेको तर आफूहरुले जोखिम मोलेर काम गर्दासमेत भत्ता नपाएको गुनासो अस्पतालमा कार्यरत एक नर्सले बताए । दूधे बच्चा घरमा छाडेर कोभिड वार्डमा काम गरे पनि राज्यले प्रोत्साहनस्वरुप दिएको भत्ता अस्पतालले रोकेको उनको आरोप छ ।

अस्पतालले गत बैशाखदेखि कोभिड वार्ड सञ्चालनमा ल्याएको हो । अस्पतालका कार्यकारी निर्देशक डा. देजकुमार गौतमले सरकारले पर्याप्त बजेट नपठाउँदा भत्ता वितरणमा समस्या भएको बताए ।

उनले अस्पतालको सञ्चालक समितिको बैठक बसेर आवश्यक निर्णय गरेपछि छिट्टै भत्ता वितरण गरिने बताए । उनले बजेट पर्याप्त नभएका कारण एउटा मापदण्ड बनाएर वितरण गर्ने योजना रहेको जानकारी दिए ।

कोभिडमा काम गरेका को हुन्, उनीहरुको तलब कति हो ? त्यसको अध्ययन भइरहेको कार्यकारी निर्देशक गौतमको भनाइ छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?


Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राष्ट्रिय जनगणनको तयारी जारी



चितवन (रासस)/ चितवन जिल्ला जनगणना कार्यालयले 'राष्ट्रिय जनगणना २०७८' को तयारी तीव्र बनाउँदै सुपरीवेक्षकको तालिम सम्पन्न गरेको छ ।

स्थानीय तहमा जनगणना कार्यालय स्थापनको काम सम्पन्न भइसकेको छ भने सात पालिकामा सुपरीवेक्षक बुधबारदेखि खटिँदैछन् । कार्यालयका प्रमुख यज्ञमूर्ति भण्डारीका अनुसार यही भदौ ३० देखि असोज १८ गतेसम्म सुपरीवेक्षकले स्थलगत रूपमा सूचीकरण गर्नेछन् ।

यसका लागि भरतपुर महानगरपालिकामा १०७, रत्ननगरमा ३०, खैरहनीमा १९, राप्तीमा १७, कालिकामा १५, माडीमा १३ र इच्छाकामना गाउँपालिकामा नौ सुपरीवेक्षक खटिनेछन् । सुपरीवेक्षकले सूचीकरणको समयमा स्थानीय तहका वडामा सामुदायिक प्रश्नावली भर्नेसम्मका काम गर्नुपर्ने छ । आगामी असोज १० गते जिल्लामा जनगणनका लागि ८५७ गणकको नतिजा सार्वजनिक हुने छ । गणकको नियुक्तिपछि एक सुपरीवेक्षकले चार गणकलाई परिचालन गरी गणना गर्नेछन् । गणकका लागि आगामी कात्तिकमा तालिम दिइने छ । गणकले कात्तिक २५ देखि मंसिर ९ गतेसम्म जनगणना गर्ने उनले जानकारी दिए ।

जिल्लामा प्रमुख जिल्ला अधिकारी र स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा रहेको जनगणना समन्वय समिति गठन गरी काम अघि बढाइएको हो । संघीयतापछिको पहिलो जनगणना भएकाले गणकले कृषि गणनासमेत गर्ने उनले जानकारी दिए । गणकले गणना गरी ल्याएको तथ्यांकका आधारमा कार्यालयले मंसिर मसान्तसम्ममा काम सम्पन्न गर्ने छ । विसं २०६८ को जनगणनाअनुसार पाँच लाख ७९ हजार ९८४ जिल्लाको जनसंख्या छ ।

पसल बिक्रीमा

हेटौंडा-४, स्कूलरोड स्थित चालु अवस्थामा रहेको लेडिज फेन्सी पसल विशेष कारणवस बिक्रीमा गर्नुपर्ने भएकोले खरिद गर्न चाहनुहुने ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८०४२५५०७३



**सडक अवरुद्ध:** मकवानपुरको मनहरी गाउँपालिकाको लोथरमा सडक डिभिजनले गरेको कालोपत्रे एक महिनामै उप्किएको भन्दै स्थानीयले पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मनहरी बजार-लोथर खण्ड बन्द गरेका थिए । लोथर सडकमा कालोपत्रे गर्दा सडक डिभिजन प्रमुख र प्राविधिकको मिलेमतोमा गुणस्तरहिन कालोपत्रे गरेको भन्दै मंगलबार बिहान स्थानीय बासिन्दाहरुले राज मार्गमा अबरुद्ध सिर्जना गरेका हुन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता जयेश्वर रिमालका अनुसार स्थानीयले ड्रम र टायर राखेर मंगलबार बिहान ८ बजेबाट राजमार्ग अबरुद्ध गरेका थिए । सडक मर्मत हुने आश्वासनका साथ स्थानीयले तत्कालका लागि आन्दोलन स्थगित गरेका छन् ।

# भिमफेदी बाल मन्दिरमा बाल दिवस

साझाकुरा संवाददाता

हेटौंडा/बालबालिकाहरुको व्यक्तित्व विकासका कार्यक्रम गर्दै भीमफेदीस्थित बाल मन्दिरमा राष्ट्रिय बाल दिवस मनाइएको छ ।

नेपाल बाल संगठन मकवानपुरको आयोजनामा दिवस मनाइएको हो । भिमफेदी गाउँ-पालिका-६ का वडा अध्यक्ष सिताराम थापाको प्रमुख आतिथ्यता तथा बाल संगठन मकवानपुरका अध्यक्ष अशोक सारु मगरको सभाध्यक्षतामा कार्यक्रम गरिएको छ । बाल मन्दिरमा रहेका बालबालिकाहरुको नेतृत्व तथा क्षमता विकासका लागि हाजिरी जवाफ, नृत्य, चित्रकला र फन गरी ४ वटा बिधामा कार्यक्रम गरिएको थियो ।

विष्णु मण्डल, ऋष्मा मगर, बासु राई र राजु थापा मगरको टिम हाजिरीजवाफ प्रतियोगितामा प्रथम भएको छ । चित्रकलामा वासु राई प्रथम, सुमित भण्डारी द्वितीय र शान्चा जिरेल तीतृय भएका छन् । पुर्णीमा सी, मनिषा सार्की र पुष्पा योञ्जनको टिम नृत्य प्रतियोगितामा प्रथम, विनिशा खड्का द्वितीय र लक्ष्मण भापा तीतृय भएका छन् । विद्यागत प्रतियोगितामा उत्कृष्ट हुनेलाई पुरस्कृत गरिएको छ ।

कार्यक्रममा नेपाल बाल संगठन जिल्ला उपसभापति दिलमाया घर्ती, सदस्य जीवन शर्मा, जनक लम्साल, मनोज प्रधान र केन्द्र प्रमुख सुरेन्द्र सापकोटालगायतको आतिथ्यता थियो ।

# डिपोचौरमा स्ल्याब ढलान



साझाकुरा संवाददाता

हेटौंडा/कच्ची सडक मुक्त अभियानमा लागेको हेटौंडा उपमहानगरपालिकाले हरेक वडामा पक्की सडक विस्तार गरिरहेको छ ।

कच्ची सडकलाई पक्की गर्ने अभियानअन्तर्गत हेटौंडा उपमहानगरपालिकाले १७ नम्बर वडाको डिपोचौरमा स्ल्याब ढलान सुरु गरेको छ । हेटौंडाका नगर प्रमुख हरिबहादुर महतले स्ल्याब ढलानको शिलान्यास गरेका छन् । ६ लाख ६५ हजार रुपैयाँ लागतमा स्ल्याब सडक निर्माण गर्न लागिएको हो । नगर प्रमुख महतले हेटौंडा उपमहानगर भएपछि थपिएका वडामा विकासका कामले गति लिएको बताएका छन् ।

'हामीले नगरभित्र रहेको कच्ची सडकलाई पक्की बनाउन जोड दिइरहेका छौं । म प्रमुख भएर आएदेखि नै नगरका सडक स्तरीकरणमा ध्यान दिएको छु ।,' महतले भने । वडाहरुमा सडक फराकिलो बनाउने, सडक पेटीमा फूलका विरुवा रोप्दै नगरलाई हरियाली बनाउने काम अगाडी बढाइएको उनको भनाई छ । शिलान्यास कार्यक्रममा हेटौंडा-१७ का वडा अध्यक्ष भैरबबहादुर राइ, नेकपा एमालेका नेता कमल विष्टलगायतको उपस्थिति थियो ।

# सिनेमा हल संचालन गर्न अनुमति




साझाकुरा संवाददाता

हेटौंडा/कोरोना महामारीका कारण लामो समयदेखि बन्द रहेको हेटौंडाका सिनेमा हल र दोहोरी साँझले सञ्चालनको अनुमति पाएको छ ।

सर्वसाधारणको भिडभाड धेरै हुने भएकाले सिनेमा हल र दोहोरी साँझ, पिकनिक स्थलहरु सञ्चालनमा प्रशासनले रोक लगाएको थियो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा मंगलबार बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठकले स्वास्थ्य मापदण्ड अप्नाएर सञ्चालन गर्न अनुमति दिएको हो । हेटौंडामा २ सिनेमा हल, एक दोहोरी साँझ र दर्जनौं पिकनिक स्थल सञ्चालनमा छन् । यी तीनै क्षेत्र कोरोना महामारीको चपेटामा परेका थिए ।

सिनेमा हल, दोहोरी र पिकनिक स्थलहरु खुला गर्न सम्बन्धित सञ्चालकले आवश्यक पूर्वतयारीका विधि तथा मापदण्डहरु तयार गरी जिल्ला प्रशासन कार्यालयमा पहिला पेश गर्नुपर्ने छ । प्रशासनलाई पूर्वतयारी र मापदण्ड बारे जानकारी गराएपछि मात्रै सिनेमा हल, दोहोरी र पिकनिक स्थल सञ्चालन गर्न पाइने मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले जानकारी दिए । जिल्ला स्थित हेटौंडामा रहेको शहीद स्मारक, वनस्खण्डी, मनकामना मन्दिर क्षेत्र, मकवानपुरगढी दरबार कोरोना महामारीका कारण लगाइएको निषेधाज्ञाका कारण ठप्प थिए ।

प्रशासनले सर्व-साधारणलाई अनिवार्य मास्क र सेनिटाइज लगाएर मात्रै हिँड्डुल गर्न अनुरोध गरेको छ । कोरोना महामारीबाट बच्न स्वास्थ्य सावधानी अपनाउनुको विकल्प नभएको सिडिओ पाण्डेले बताए ।

केन्द्रको बैठकले विद्यालयलाई विद्यार्थीको भौतिक उपस्थितिमा पठनपाठन सुचारु गर्न अभिभावक र विद्यालय व्यवस्थापन समितिको सिफारिस बमोजिम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ मा उल्लेखित मापदण्ड पूरा गर्न निर्देशन दिएको छ ।

# बालविवाह न्यूनीकरणका लागि अभिमुखीकरण



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा बालविवाह न्यूनीकरणसम्बन्धि अभिमुखीकरण कार्यक्रम भएको छ । अस्मिता नेपालको आयोजनामा बालविवाह न्यूनीकरणमा बालक र पुरुषको भुमिका विषयक अभिमुखिकरण कार्यक्रम भएको हो ।

'बालबालिकाको इच्छा, विवाह होइन शिक्षा' भन्ने नाराका साथ आयोजित कार्यक्रममा मेन इन्गेज एलायन्स नेपालका प्रकाश खतिवडा र अस्मिता नेपालकी अध्यक्ष आरती पाठकले सहजीकरण गरेका थिए । कार्यक्रममा पश्चिम मकवानपुरको राक्सिराङ गाउँपालिका, विभिन्न गैरसरकारी संघसंस्था, नागरिक समाज, किशोरी समूहका प्रतिनिधिको सहभागिता रहेको थियो ।

कार्यक्रममा बालविवाहको वर्तमान स्थिति, बालविवाह हुनुको कारण र यसबाट हुने शारिरीक र मानसिक समस्याहरु, राष्ट्रिय कानूनी व्यवस्था तथा नीति, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२, अन्तराष्ट्रिय र क्षेत्रीय प्रतिबद्धता लगायतको विषयमा प्रस्तुतीकरण गरिएको थियो ।

कार्यक्रममा राक्सिराङ गाउँपालिका वडा नम्बर २ का अध्यक्ष सुर्यबहादुर मोक्तान, वडा नम्बर ३ का अध्यक्ष बाबुलाल स्याङ्तान, अभिभावक समूहका अध्यक्ष चित्रबहादुर थिङ, किशोरी समूहकी अध्यक्ष रामकुमारी प्रजा, नारी संरक्षण केन्द्र मकवानपुरका राम मिजार लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

**बाल दिवसमा बक्तृत्कला प्रतियोगिता**


५७ औं बाल दिवसको अवसरमा राष्ट्रिय सहकारी बैंक लिमिटेड हेटौंडा शाखाले बत्तृत्वकला प्रतियोगिताको आयोजना गरेको छ ।

भुटनदेवी मावि, हेटौंडामा कक्षा ९ र १० मा अध्ययनरत् विद्यार्थीहरु माझ गरिएको बालबालिकाको शिक्षामा कोभिड १९ को असर विषयक प्रतियोगितामा कक्षा १० की रुपा समाल प्रथम, कक्षा १० का धर्मराज यादव द्वितीय र कक्षा ९ का ओम मिश्र तृतीय भएका थिए ।

विद्यालयका प्रधानाध्यापक माधवप्रसाद दाहालको प्रमुख आतिथ्यता एवम विद्यालय अतिरिक्त क्रियाकलाप संयोजक सुमन श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । शिक्षक खडानन्द चौलागाई, विष्णु गौतम र संगिता गौतम निर्णायक रहेको कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेड हेटौंडा शाखाका प्रमुख रामेश्वर अर्यालको विशेष आतिथ्यता रहेको थियो ।

# काठमाडौँबाटै भिसा जारी गर्न माग

काठमाडौं (रासस)/ नेपाल उद्योग वाणिज्य महासैका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले भिसा समस्याका कारण नेपाल-बेलायत आर्थिक सम्बन्ध विस्तार हुन नसकेको उल्लेख गर्दै सहज र सुलभ बनाउन आग्रह गरेका छन् । बेलायतले नेपाली व्यवसायीलाई सहज र सरलरूपमा भिसा उपलब्ध गराए द्विपक्षीय व्यापारमा गुणात्मक बृद्धि हुने उनको भनाइ छ । महासंघले मंगलबार काठमाडौं स्थित बेलायती दूतावासको अन्तर्राष्ट्रिय व्यापार विभागसँग यस्तो माग गरेको हो ।




























साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल